# भाग ४

श्री को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

स्वास्थ्य मन्त्रालयका का.मु. सचिव श्री वासुदेव प्रधान अन्तर्राष्ट्रिय एड्स सम्मेलनमा भाग लिन अष्ट्रेलियाको क्यानबेरा जानुभएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री सुवर्णजंग राणालाई मिति २०४७।४।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

## लोक सेवा आयोगको सूचना

लोक सेवा आयोगले नेपालको संविधानको धारा ७८ को उपधारा (४क) ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० र लोक सेवा आयोग (कार्यविधि) नियमहरू, २०२७ को परिधिभित्र रही उम्मेदवारको उपयुक्तता जाँच्ने कार्यको लागि आयोगबाट भएको अधिकार प्रत्यायोजनको २०४७ आषाढ मसान्त सम्मको म्याद समाप्त भएकोले पुनः २०४८ साल आषाढ मसान्तसम्मको लागि साबिक बमोजिम नै अधिकार प्रत्यायोजन गर्ने र सो पदपूर्तिसम्बन्धी अधिकार प्रत्यायोजनमा अन्तरवार्ताको लागि अंचलस्तरिय कार्यालयको हकमा अन्तरवार्ता समितिको अध्यक्षता "अञ्चलाधीश" र अञ्चलाधीश अनुपस्थित भएमा सम्बन्धित जिल्लाको प्र.जि.अ. ले गर्ने व्यवस्था भै रहेकोमा अर्को व्यवस्था नभएसम्म अञ्चलस्तरिय कार्यालयको अन्तरवार्ता समितिको अध्यक्षमा अञ्चल सदरमुकामको प्रमुख जिल्ला अधिकारीलाई तोक्ने भन्ने समेत निर्णय भएकोले सो अनुसार हुन यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
राधारमण उपाध्याय
सचिव
लोक सेवा आयोग

११६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।